म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २१४ २०८० असार १४ गते बिहीबार 29 June 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

• मानो रोपौं, मुरी फलाऔं,
• खेतीयोग्य जमिन बाँझो नछोडौं,
• पसिना बगाऔं, समुन्नता बनौं,
• आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मनहरी र राक्सिराङमा विपद् पूर्वतयारी र प्रतिकार्य अभ्यास



*आगलागी हुँदा अपनाउनु पर्ने सतर्कताका विषयमा सचेतनामूलक अभ्यास गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी र राक्सिराङ गाउँपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य अभ्यास गरिएको छ । बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजना तथा सशस्त्र प्रहरी बल १४ नम्बर गणको सहकार्यमा बुधबार दुईवटा पालिकामा समुदायका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य अभ्यास भएको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव ध्रुव गैँडाको अध्यक्षतामा संचालन भएको अभ्यासमा आगलागी हुँदा, चट्याङ पर्दा, भूकम्प आउँदा अपनाउनु पर्ने सावधानी तथा त्यस्ता विपद्को अवस्थामा कस्ता-कस्ता कार्य गर्दा जोखिमलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने उद्देश्यले अभिमुखीकरण गराउनुका साथै अपनाउनु पर्ने सतर्कताका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, राक्सिराङ गाउँपालिकाका विपद् व्यवस्थापन शाखाका प्रमुख गोविन्द अधिकारी, सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा सैद्धान्तिक प्रस्तुतीका साथै प्रयोगात्मक अभ्यास समेत प्रस्तुत गरिएको थियो । कार्यक्रम सशस्त्र प्रहरी बल १४ नम्बर गणका प्रमुख प्रहरी उपरीक्षक अनिल कार्कीले सहजीकरण गर्नु भएको थियो । यस्ते आज बिहिबार मकवानपुरको कैलाश गाउँपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य अभ्यास संचालन हुने आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद् व्यवस्थापन प्रमुख रविता कार्कीले जानकारी दिनु भएको छ ।

## आज सार्वजनिक बिदा

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारले आज बिहीबार देशभर सार्वजनिक बिदा दिएको छ । गृह मन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै इस्लाम धर्मालम्बीहरुको पर्व बकर इदको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको जनाएको छ ।

'नेपाल राजपत्रमा मिति २०७९/१२/०२ गतेका दिन प्रकाशित सूचनाअनुसार इस्लाम धर्मालम्बीहरुको पर्व बकर इद (इदउल अजहा) असार १४ गते बिहीबारका दिन सार्वजनिक बिदा दिने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ', गृह मन्त्रालयका प्रवक्ता केदार नाथ शर्माले जारी गरेको सूचनामा उल्लेख छ । सार्व जानिक विदा भएता पनि मकवानपुरको जिल्ला प्रशानक कार्यालयबाट प्रशासनिक काम हुने सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो ।

### बागमती प्रदेशसभा

## सत्तापक्ष नै बैठकमा अनुपस्थित

समाज संवाददाता

हेटौंडाः दोस्रो दिनमा पनि बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तुत बजेटमाथि छलफल हुन सकेन । मंगलबार स्थगित भएको बैठक बुधबार बोलाइएको भए पनि सत्तापक्षकै प्रदेशसभा सदस्यहरु बैठकमा अनुपस्थित भएका छन् ।

बुधबार बिहान ११ बजे बोलाइएको बैठकमा सत्तापक्षका सांसदहरु उपस्थित नभएपछि दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित भएको थियो । दिउँसो १ बजे पनि बस्न नसकेपछि दिउँसो ४ बजेसम्मका लागि बैठक स्थगित भएको थियो । ३ पटक स्थगित भएको बैठक साँझ ५ बजे सुरु भएको थियो ।

सत्तापक्षका ५ जना मन्त्रीहरु र ३ जना सांसद उपस्थित भएपछि सभामुख भुवनकुमार पाठकले बैठक सुरु गर्न निर्देशन दिनुभएको थियो । उक्त बैठकमा सत्तापक्ष नै अनुपस्थित भएको भन्दै नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले बैठक अवरुद्ध गरे ।

बैठकमा सभामुख पाठकले राप्रपाका प्रदेश संसदीय दलका नेता उद्धप थापालाई बोल्न समय दिनुभएको थियो । नेता थापाले प्रदेश सरकारले ल्याएको बजेटमा विभेद भएको आरोप लगाउनुभयो । अहिलेको बजेट एकतर्फीरुपमा आफ्नो क्षेत्रमा नेतृत्व गरेको मन्त्रीहरुको ठाउँमा असमान ढंगबाट बजेट हाल्ने काम भएको उहाँले बताउनुभयो । काठमाडौंमा खानेपानीको अभाव भएको तर प्रदेश सरकारले कुनै चासो नदिएको उहाँले धारणा राख्नुभएको थियो ।

बजेटप्रति असन्तुष्टि राख्दै प्रतिपक्ष र अन्य दलहरुले बागमती प्रदेश सरकारले ल्याएको बजेट मुख्यमन्त्री, अर्थमन्त्री, भौतिक पूर्वधार विकासमन्त्री र सामाजिक विकासमन्त्रीको क्षेत्रमा मात्र बजेट थुपार्ने काम भएको आरोप लगाएका छन् । प्रतिपक्षी र अन्य दलहरुले प्रदेश सरकारले आवश्यकताका आधारमा बजेट विनियोजन हुनुपर्ने माग राख्दै आएको छ ।

## तीन दिनमै प्रदर्शनी !

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको शिक्षा महाशाखाले सूचना जारी गरेको तीन दिनमै नगरस्तरीय शैक्षिक सामग्री प्रदर्शनीको आयोजना गर्दैछ । असार १२ गते सूचना जारी गरेर महाशाखाले असार १५ गते प्रदर्शनी गर्ने जनाएको छ । असार १३ गते दिनको १ बजेभित्रै सहभागी हुन चाहने विद्यालयलाई निवेदन दर्ता गराउन भनिएको छ ।

नगरभित्र सामुदायिक र संस्थागत गरी १ सय १० भन्दा बढी शैक्षिक संस्था छ भने प्रदर्शनीमा २० वटा मात्रै स्टल रहने उल्लेख गरेको छ । हेटौँडा-१६, हटियास्थित जनप्रिय माविमा आयोजना गर्ने भनिएको प्रदर्शनी विषयगत हुने बताइएको छ । शैक्षिक सामग्री प्रदर्शनीमा २० भन्दा बढी स्टल सहभागी हुने अवस्थामा महाशाखाले छनोट गर्ने उल्लेख गरिएको छ ।

महाशाखाले आर्थिक वर्षको अन्तिममा हतारमा प्रदर्शनीको आयोजना गरेको देखिन्छ । एक दिनको अवधि दिएर सहभागी हुन आव्हान गरिएको कार्यक्रममा कस्ता शैक्षिक सामग्री प्रदर्शनीमा समावेश होला ? शुक्रबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म जनप्रिय मावि पुग्नु पर्नेछ ।

## अपाङ्गता भएका व्यक्तिलाई सहायता सामग्री वितरण



*सहायता सामग्री हस्तान्तरण गर्नुहुँदै सामाजिक विकास मन्त्री कुमारी मुक्तान ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आयोजना तथा राष्ट्रिय अपाङ्ग कोष काठमाडौंको सहकार्य र राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामग्री वितरण गरिएको छ । बुधबार सामाजिक विकासमन्त्री कुमारी मुक्तानले प्रदेश भित्रका ७० जना अपाङ्गता भएका व्यक्तिलाई सहायता सामग्री वितरण गर्नुभएको हो ।

गोडाभन्दा मुनिका कृत्रिम खुट्टा ७ वटा, गोडाभन्दा माथिको कृत्रिम खुट्टा २ वटा, वैशाखी ६ वटा, गोडाभन्दा मुनिको सपोर्ट ७ वटा, गोडाभन्दा माथिको सपोर्ट १ वटा, कानमा लगाउने हेयरिङ एड ३ वटा वितरण गरिएको छ । यस्तै लठ्ठी २ वटा, ह्वील चेयर २३ वटा, इलेक्ट्रिक ह्वील चेयर १ वटा, वाइट क्यान २७ वटा र एयर म्याट्रेक्स एउटा वितरण गरिएको छ । बागमती प्रदेश सरकारको १५ लाख रुपैयाँ अनुदान र राष्ट्रिय अपाङ्ग कोष काठमाडौंको ४ लाख २७ हजार रुपैयाँ गरी १९ लाख २७ हजार रुपैयाँको सहायता सामग्री वितरण गरिएको हो ।

## उपभोक्ता मञ्चद्वारा बेकरी उद्योगको अनुगमन



*उपभोक्ता मञ्चले अनुगमन गरेको बेकरी उद्योग ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित चुरियामाई बेकरीको उत्पादनमा फोहर भेटिएको भनी उपभोक्ताले गुनासो गरेपछि उपभोक्ता मञ्च मकवानपुरले बेकरी उद्योगको अनुगमन गरेको छ । बुधबार बिहान हेटौँडा-२ स्थित एक उपभोक्ताले पाउरोटीमा फोहर भेटिएको गुनासोपछि स्थानीय प्रशासनलाई जानकारी गराएर उद्योगको अनुसार गरिएको उपभोक्ता मञ्च मकवानपुरका अध्यक्ष सुनिल अधिकारीले जानकारी दिनुभएको छ ।

अध्यक्ष अधिकारीको नेतृत्वमा मञ्चका पदाधिकारीको सहभागिता रहेको थियो । अनुगमनका क्रममा उद्योग सञ्चालकले कमजोरी भएको स्वीकार्दै उत्पादनमा काम गर्ने कर्मचारीलाई जिम्मेवार हुन निर्देशित गरेको जानकारी दिनुभएको छ । असार २ गते सम्पन्न साधारणसभाबाट अधिकारीको नेतृत्वमा मञ्चको नयाँ समिति गठन भएको थियो ।

उपभोक्ताको पक्षमा उल्लेख्य काम गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुहुँदै अध्यक्ष अधिकारीले उपभोक्ताको गुनासाका आधारमा उपभोक्ताहितको पक्षमा काम गर्ने बताउनुभएको छ । मञ्चले घरेलु तथा साना उद्योग कार्यालयसँगको समन्वयमा बेकरी उद्योगको अनुगमन गर्ने तयारी समेत गरेको छ । मञ्चले उद्योग वाणिज्य संघसँग छलफल गरेर आवश्यक पहल गर्ने अध्यक्ष अधिकारीले बताउनुभएको छ ।

## गाँजासहित दुई बालक पक्राउ

समाज संवाददाता

**हेटौंडाः अवैध लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले दुई जना बालकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवन जिल्लाको राप्ती नगरपालिका-१, लोथर बस्ने १७ र १७ वर्षीय दुई जना बालक रहेको प्रहरीले जानकारी दिएको छ ।**

**बुधबार अपराह्न ५ बजेर ४० मिनेटको समयमा हेटौंडा उपमहानगर पालिका-४ स्थित रोयल पार्टी प्यालेस अगाडिबाट १२ केजी लागूऔषध गाँजासहित उनीहरुलाई पक्राउ गरिएको छ । अस्थायी प्रहरी पोष्ट हरियाली मकवानपुरमा कार्यरत प्रहरी कर्मचारी कामको शिलशिलामा बजार आउने क्रममा रोयल पार्टी प्यालेस अगाडिबाट उनीहरुलाई लागूऔषध गाँजासहित पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ ।**

**पैदल हिँडिरहेको अवस्थामा शंका लागेर चेकजाँच गर्दा उनीहरुले भिरेको झोलाबाट लागूऔषध गाँजा १२ किलोग्राम बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।**

Join IT after +2 ???
Nepal Top



Dinesh Kharel
CSIT 2078 Batch 89.8%

यस हेटौंडा सिटी कलेजका विद्यार्थी **श्री दिनेश खरेल** त्रिभुवन विश्वविद्यालयले लिएको २०७८ व्याचको -CSIT मा ८९.८ प्रतिशत ल्याई नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

हेटौंडा सिटी कलेज/जेनिथ

(साथै २०८० को -BSc. Csit/Bca -T.U. बाट सम्बन्धन प्राप्त)
प्रवेश परीक्षा कक्षा संचालन हुदैंछ ।)
057526660 /9855077417 /9855067435 /9855069444

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज;
अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

## सम्पादकीय

# कर्मकाण्डी बजेट प्रणाली

कुनै पनि देशको आर्थिक विकासमा सरकारले खर्च गर्ने बजेटको भूमिका महत्वपूर्ण रहन्छ । सरकारले बनाउने बजेटलाई नीति तथा कार्यक्रमले मार्गनिर्देशन प्रदान गर्दछ । यसैकारण सरकारले हरेक आर्थिक वर्षको अन्त्यमा आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्दछ । अहिले मुलुकमा संघीय गणतन्त्रात्मक शासन व्यवस्था छ । मुलुकमा एउटा संघीय सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार छ । यी सबै सरकारले आ-आफ्नो नीति तथा कार्यक्रम र बजेट ल्याउने गर्दछन् । संवैधानिक व्यवस्थाबमोजिम संघीय सरकारले जेठ १५ गते, प्रदेश सरकारहरुले असार १ गते र स्थानीय सरकारहरुले जेठ १० गतेभित्र बजेट सार्वजनिक गर्नुपर्दछ । संघीय सरकारले संघीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)को संयुक्त बैठकमा बजेट पेश गर्दछ भने प्रदेश सरकारहरुले प्रदेशसभा बैठकमा बजेट पेश गर्दछ । स्थानीय सरकारले गाउँ वा नगरसभामा बजेट पेश गर्नुपर्दछ । तीनै तहका सरकारको बजेट तीनै तहका संसदबाट पारित भएपछि कार्यान्वयनमा आउँछ ।

सामान्यतया सरकारले ल्याउने बजेट उसको आम्दानी खर्चको विवरण हो । एक वर्षभित्र विभिन्न तहका सरकारले कुन-कुन क्षेत्रबाट कति आम्दानी गर्दछन् र उक्त आम्दानीलाई कुन-कुन क्षेत्र वा कार्यक्रमका लागि कति-कति खर्च गर्ने भन्नेबारको अनुमान नै बजेट हो । कुनै पनि सरकारले बजेट निर्माण गर्नुअघि चालु आर्थिक वर्षको बजेटको समीक्षा गरिन्छ । चालु आर्थिक वर्षको बजेटको यथार्थ अवस्थाको मूल्यांकन र समीक्षा गरी आगामी वर्षका लागि बजेट तयारी सुरु हुन्छ । बजेट तर्जुमा गर्दा प्राथमिकता, उद्देश्य, लक्ष्य, नीति तथा रणनीति, कार्यक्रम निर्धारण गरिन्छन् । सोहीबमोजिम विषयगत र क्षेत्रगतरुपमा विभिन्न नियमित प्रशासनिक कार्य तथा विकास निर्माणका विभिन्न कार्यक्रम तथा योजनाका लागि बजेट बाँडफाँड गरिन्छ । बजेटको कार्यान्वयन र त्यसले पार्ने प्रभावको अनुगमन र मूल्यांकनलाई पनि बजेट तर्जुमा गर्दा समावेश गरिएको हुन्छ । सैद्धान्तिकरुपमा यति धेरै प्रक्रिया र चरणहरु पूरा गरेर बनाइने बजेट र त्यसलाई पारित गर्ने प्रक्रिया भने परम्परागत र कर्मकाण्डीमात्र बनिरहेको छ ।

लोकतान्त्रिक शासन पद्दतिलाई बलियो बनाउन व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई राज्यको प्रमुख ३ अंगको रुपमा व्यवस्था गरिएको हुन्छ । कार्यपालिका अर्थात् सरकारले बजेट निर्माण गर्दछ र व्यवस्थापिका अर्थात् संसदले त्यसलाई पारित गर्दछ । सरकारले स्वेच्छाचारीरुपमा बजेट निर्माण र कार्यान्वयन गर्न सक्ने सम्भावनाको अन्त्यका लागि संसदबाट बजेट पारित गर्ने व्यवस्था ल्याइएको हो । तर, हाम्रो शासन व्यवस्थामा बजेटलाई संसदमा पेश गर्ने, त्यसबारेमा छलफल गर्ने र पारित गर्ने कार्य केबल प्रक्रियामा मात्र सिमित बनिरहेको छ । नेपालको संसदीय इतिहासमा अहिलेसम्म संसदले बजेटमा कुनै हेरफेर गर्न सकेको छैन । अर्थात् सरकारले ल्याएको बजेट संसदमा छलफल गर्ने औपचारिकतामात्र बनिरहेको छ, बजेट संसदबाट परमार्जन हुने गरेको छैन । बजेट जतिसुकै निकृष्ट किन नहोस्, संसदमा औपचारिकताका लागि मात्र छलफल गर्ने र हुबहु पारित गर्ने परिपाटीले संसदको भूमिका र गरिमालाई औचित्यहीन बनाएको छ ।

आगामी आर्थिक वर्षका लागि संघीय सरकारले ल्याएको बजेटको व्यापक आलोचना भयो । सत्तापक्षकै तथा सरकारलाई समर्थन गरेका दलका सांसदहरुले बजेटलाई संशोधन गर्न प्रतिनिधिसभा बैठकमा जोडदार माग पनि गरे तर, बजेट हुबहु पास भयो । विगतमा ताली बजाएर पास गर्ने गरेको बजेट यस पटक भने मतदानबाट पास भएको छ । जसरी पास भए पनि बजेटमा कुनै संशोधन नभएका कारण बजेट निर्माणको कर्मकाण्डी प्रणालीलाई व्यवस्थापिका (संसद)ले परिवर्तन गर्न सकेन । यता, बागमती प्रदेश सरकारले ल्याएको बजेटको पनि व्यापक आलोचना भएको छ । प्रतिपक्षी दलले बजेटको बिरोध गर्दै प्रदेशसभा बैठक नै अवरुद्ध गरिरहेको भए पनि प्रदेश सरकारले ल्याएको बजेट जस्ताको त्यस्तै पारित हुने निश्चित छ । यसरी आम नागरिकको आँखामा छारो हाल्नैकै लागि बजेटबारे छलफल गर्ने र हुबहु पारित गर्ने कर्मकाण्डी बजेट प्रणालीको अन्त्य आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : मानसिक र शारीरिक समस्याले सताउँला । |
| **वृष** | : बोलीको भरमा कार्यसम्पादन हुने समय छ । |
| **मिथुन** | : स्वास्थ्य स्थितिमा ख्याल गर्दा राम्रो रहला । |
| **कर्कट** | : काममा निरन्तरता र लाभ प्राप्त होला । |
| **सिंह** | : रोकिएका कामहरु सम्पादन हुने समयको योग छ । |
| **कन्या** | : आत्मविश्वास र शिघ्र निर्णयमा वृद्धि हुने समय छ । |
| **तुला** | : व्यवसायिक काममा खर्च बढ्ने समय छ । |
| **वृश्चिक** | : बन्दव्यापार र साझेदारी कामबाट लाभ प्राप्त । |
| **धनु** | : आहार–बिहारबाट सतर्कता अपनाउनुपर्ला । |
| **मकर** | : दार्शनिक र बौद्धिक कार्यबाट लाभ प्राप्त । |
| **कुम्भ** | : बोली र कामबाट लाभ प्राप्त हुने समय छ । |
| **मीन** | : परीक्षा प्रतियोगितामा विजय र सफलता प्राप्त । |

# पूर्वको कोशी आन्दोलन र हिन्दु राष्ट्र नेपाल– एक परिचर्चा



बिमल केशरी पौडेल

नेपालको इतिहासमा विभिन्न कालखण्डमा वसोवास गरेका असंख्य समुदायका भाषा, संस्कृति, सभ्यता र थातथलोलाई आत्मसात गर्दै पहिलो संविधान सभाले पहिचानको केहि आधार पहिल्याई सिंगो नेपाललाई १४ प्रदेशमा विभाजन गर्नु पर्ने सिफारिश गरेको थियो । नेपाली कांग्रेस र एमालेका खस-आर्य समर्थित समुह हरुले यसको अपब्याख्या गर्दै यसलाई जात जातिका रुपमा र द्वन्द चर्काउने कारकका रुपमा व्यापक चित्रण गरेपछि पहिचानको आन्दोलन पछि परेको हो । दोश्रो संविधान सभाको सेरोफेरोमा गठित आयोगले पहिचानको आधारमा ११ प्रदेश बनाउन अर्को सिफारिश गर्यो र यो पनि लागु हुन् सकेन । मार्क्सवादीहरु वर्ग संघर्षमा विश्वास गर्छन र कतिपय मार्क्सवादीहरु पहिचानको आन्दोलनलाई वर्ग संघर्ष विरोधी हो भन्ने ठान्छन । आफ्नो अधिकारको लागि विभिन्न समयमा पछि परेका र पारिएका समुदायहरुले आन्दोलन, विरोध गर्नु वर्ग संघर्षको विरुद्ध कसरी हुन् सक्छ ? यो निश्चित हो कि विभिन्न आन्दोलन मुख्य शत्रुको विरुद्ध एकिकृत आन्दोलनको रुपमा विकसित गर्न सकिएन भने यसले आशा गरे अनुसार परिणाम दिन सक्दैन र आन्दोलन कम्जोर हुन्छ । माओवादीले १० वर्षे सशस्त्र संघर्ष वा जनयुद्धमा पहिचानको आन्दोलनलाई वर्ग संघर्षको आन्दोलनसँग जोडेर अगाडी बढेकै हो । पहाडी इलाकामा पूर्वमा किरात-लिम्वुवान, सुदुरपश्चिममा खस-आर्य, मध्यपश्चिममा मगरात-तमुवान, केन्द्रमा ताम्सालिंग-नेवा र मधेसमा पूर्वमा मिथिला-भोजपुरा, केन्द्रमा अवध, र पश्चिममा थरुहट जस्ता भाषा, संस्कृति, सभ्यता र ऐतिहासिक थात थलोको आधारमा नेपाललाई विभिन्न भागमा विभाजन गरि स्थानीय समुदायहरुलाई आफ्नो अधिकारको लागि माओवादीले प्रेरित गरेको र तत्कालिन मुख्य शत्रु राजसंस्था विरुद्ध संघर्ष गर्न लगाएको घटना हाम्रो सामुन्ने छ ।

यस आन्दोलनको रापले नै वर्तमान संविधान, २०७२ मा जनजाति, मधेश, महिलालगायत पछि परेका (सरकारी सेवा, राजनैतिक पदहरुमा) समुदायले थोरै मात्रामा भए पनि अधिकारहरु प्राप्त गरेका छन् । वर्तमान संविधान प्रति असन्तुस्टी छ, रोष छ-जनजाति, थारु समुदाय, मधेशका वासिन्दाले हृदयदेखि नै स्वागत गरेका छैनन्, तैपनि केहि उपलब्धि प्राप्त भएकै हो । संविधान प्रति त्यहि असन्तुष्टिको परिणाम हो -कोशी प्रदेशमा चलिरहेको पहिचानवादीहरुको सशक्त आन्दोलन । पश्चिममा पनि थरुहट आन्दोलनको प्रारूप तैयार हुन् सक्छ । कांग्रेस, एमाले, र माओवादीमा पनि खस-आर्य समुहले प्रदेश नामकरण सम्बन्धमा उदार हृदय राखेर अझै पनि विचार गर्ने हो भने समाधान निस्कन सक्छ ।

नेपालको संविधानले धर्म निरपेक्षता आत्मसात गरे पनि हाल बहुसंख्यक हिन्दु भएकोले हिन्दु रास्ट्र हुनु पर्छ भन्ने आवाज खस-आर्य समुह भित्रैबाट (कांग्रेस, एमाले, माओवादी) उठिरहेको पाइन्छ । ठुलो धनजनको क्षतिबाट प्राप्त वर्तमान संविधानमा रहेका कमि, कमजोरीलाई सच्याएर कार्यान्वयनतर्फ सशक्त रुपले लाग्नुपर्नेमा बेमौसमी बाजा बजाएर देशमा अस्थिरता निम्त्याउने खेल खेलिंदै छ । हिन्दु रास्ट्र हुँदा नेपालीहरुले के विशेष सुविधा पाएका थिए र हिन्दु रास्ट्र घोषणा भएमा के थप सुविधा पाउँछन र धर्म निरपेक्षताको अहिलेको अवस्थामा हिन्दुहरुले के गुमाएका छन् -यी कुराहरुमा प्रस्ट हुन् आवस्यक छ । भावनात्मक नाराहरु दिएर मात्र राष्ट्रियता बलियो हुँदैन । हिन्दु राष्ट्रको घोषणाले नेपालको वर्तमान समस्या -विकराल बेरोजगारी, आर्थिक रुपले भारत निर्भर अर्थतन्त्र, शिक्षा र स्वास्थ्य क्षेत्रमा साधारण जनताको असहज पहुँच जस्ता विषयमा के कस्तो योगदान गर्छ भन्ने विश्लेषण न गरि मनोगत रुपमा, अझ प्रष्ट भन्नु पर्दा, भारतको मोदी सरकारको उग्र हिन्दु राष्ट्रवादको नारामा हामि फस्न गई रहेका त छैनौ ? गहन विश्लककशन आवश्यक छ । यो प्रष्ट छ -भारत नेपालमा आफ्नो प्रभाव क्षेत्र बढाउन हिन्दुत्वको नारा उपयोग गर्न चाहन्छ, यो कुरा वर्तमान संविधान जारी गर्दा भारतले लिएको अडानबाट पनि प्रष्ट हुन्छ ।

त्यसैले भारतबाट आयात, विशेष गरि कृषिजन्य वस्तुहरु -तरकारी, फलफुलमा कम गर्दै लैजानुका साथै भारतको हिन्दुत्वको जालोबाट पनि हामी मुक्त हुन् आवश्यक छ । विस्वव्यापी मान्यता अनुसार राज्यको कुनै धर्म हुँदैन र राज्यले कुनै एक धर्मलाई प्रोत्साहित गर्ने कार्य गर्नु हुँदैन भन्ने आशय साथ् धर्म निरपेक्षता आएको हो ।

सबै धर्मलाई समान सम्मान र संरक्षण गर्नु पर्छ भन्ने अवधारणा नै धर्म निरपेक्षताको विशेषता हो । यसमा विमति किन ?

*लेखक मकवानपुर बौद्धिक मञ्चका अध्यक्ष हुनुहुन्छ ।*

# विश्वको ढोका अर्थात् वायुस्थान र विमानस्थलका कुरा



अर्जुन अर्याल



वायुयान मानव निर्मित एक अत्याधुनिक यन्त्र वा मेसिन हो, जुन हावासँगको प्रतिक्रिया स्वरूप शून्य आकाशमा रहेर उड्न सक्छ । विना वायु कुनै पनि उडान सम्भव हुँदैन । तसर्थ वायु अर्थात् हावालाई विमान उडानको प्रथम एवं अपरिहार्य शर्त मान्ने गरिन्छ ।

वास्तवमा वायुमण्डलमा रहेको वायुको चाल एवं गतिको प्रकृतिको आधारमा वायुयानमा वायुशक्ति उत्पादन गरी मानवीय बुद्धि एवं विवेकको संयोजनमा चाहेको स्थानमा उडान एवं अवतरण गर्न प्रयोग गरिने वैज्ञानिक यन्त्रको नाम वायुयान हो ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) वायुयानलाई नागरिक र सरकारी गरी दुई भागमा विभाजन गरेको पाइन्छ । सर्वसाधारण व्यक्ति एवं नागरिकले आफ्नो व्यक्तिगत एवं व्यावसायिक प्रयोजनको लागि प्रयोग गर्ने नागरिक वायुयान हुन् ।

कुनै देश एवं राज्यले आफ्नो देशको हित अनुकूल सैनिक, युद्ध एवं सरकारी कार्यको लागि प्रयोग गरिने वायुयान स्टेट एअरक्राफ्ट अर्थात् सरकारी वायुयान अन्तर्गत पर्दछन् ।

विश्वका प्रत्येक व्यक्तिको आफ्नो राष्ट्रियता भए जस्तै प्रत्येक देशका विमानको आफ्नो देशको दर्ता नम्बर अर्थात् संकेत नम्बर हुने गर्दछ । र त्यस वायुयानको राष्ट्रियता त्यही देशको हुने गर्दछ । तसर्थ कुनै एक विमानले एकभन्दा बढी राष्ट्रमा दर्ता हुन पाउँदैन । तर सम्बन्धित राष्ट्रको राष्ट्रियता त्यागेमा अर्को देशमा नयाँ दर्ता नम्बर लिन पाउने स्वतन्त्रता भने रहिरहन्छ ।

हरेक वायुयानले अन्तर्राष्ट्रियस्तरमा प्रचलित नियम एवं कानुनको अनिवार्य रूपमा पालना गर्नुपर्दछ । साथै वायुयान भित्र चालक एवं रेडियो उपकरणहरूको वैधानिक लाइसेन्स, वायुयानको दर्ता प्रमाणपत्र एवं उडान योग्यपनको प्रमाणपत्र साथै यात्रु, कार्गो एवं भारको सम्पूर्ण विवरणलाई सुरक्षित तवरबाट राख्नुपर्दछ ।

विना वायुयान विमानस्थलको परिकल्पना समेत गर्न सकिंदैन । तसर्थ वायुयान र विमानस्थल बीच नङ र मासुको जस्तो सम्बन्ध रहिआएको हुन् । जुन स्थानबाट विमानले उडान भर्छ एवं जुन स्थानमा विमान अवतरण गर्दछ त्यस स्थानलाई विमानस्थल अर्थात् एअरपोर्ट भनिन्छ ।

क्षेत्रगत हिसाबमा विमानस्थललाई दुई भागमा विभाजन गरिन्छ । जसमा जमिनतर्फको भागलाई ल्याण्डसाइड र वायुयान रहनेतर्फको भागलाई एअरसाइड भनिन्छ ।

एउटा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त अन्तर्राष्ट्रिय विमानस्थलमा निम्न कुराहरू हुनुपर्दछः

जहाजको पार्किङ वे, रन वे, ट्याक्सी वे एवं ह्याङ्गर ।

भूमिस्थ सेवा संचालनको लागि आवश्यक सवारी साधन एवं कर्मचारीहरु ।

हवाई यात्रा गर्ने यात्रुहरुको जनसरोकार विषयमा सम्बोधन गर्ने सरकारी निकायहरु जस्तैः विमानस्थल टर्मिनल विभाग, अध्यागमन कार्यालय, भन्सार कार्यालय, विमानस्थल प्रहरी, स्वास्थ्य संस्था तथा एम्बुलेन्स, लाइभस्टक क्वारेन्टिन, बैंक एवं विदेशी मुद्रा सटही गर्ने संस्था, सूचना तथा संचार आदि निकायको उपस्थिति ।

भीआईपी एवं भीभीआईपीको लागि विशेष सेवा एवं सुरक्षाको प्रबन्ध ।

विमानस्थलमा आइपर्ने आकस्मिक संकट निवारणको लागि तयारी अवस्थामा दमकल अर्थात् अग्नि निवारक यन्त्रको व्यवस्था ।

अन्तर्राष्ट्रियस्तरको उपकरणले सुसज्जित एअर ट्राफिक कन्ट्रोल भवन एवं विमानस्थलको टर्मिनल भवन ।

विमानस्थलका यात्रुहरूलाई आराम गर्ने स्थान एवं चिया, नास्ताको लागि पसलहरूको व्यवस्था ।

सहज इन्धन आपूर्ति एवं कार्गो, मेल, ब्यागेज आदिको प्रभावकारी व्यवस्थापन आदि ।

एउटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि संरचना, उपकरण, इन्जिनियरिङ एवं प्रशासनिक कार्यको लागि राज्यको अरबौं रकम खर्च हुन्छ । निर्माण पश्चात् यसको प्रभावकारी संचालनको क्रममा आइपर्ने अवसर र चुनौतीको पहिचान गर्न नसक्दा अर्बौ लगानी भएका विमानस्थलहरू खण्डहरमा परिणत हुने त हैनन् भन्ने आमजनमानसमा आशंका जन्मिएको छ ।

विमानस्थल निर्माणलाई विकासको उच्चतम नमूना देख्ने हाम्रो देशका अदूरदर्शी नेतृत्वको कार्य अक्षमतालाई हेर्न मे २०२२ मा करिब १० अर्बको लागतमा निर्माण सम्पन्न सकेर सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र जनवरी २०२३ मा करिब २२ अर्बको लागतमा निर्माण सम्पन्न सकेर संचालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई हेरे पुग्छ । जसलाई नेपाल सरकारले छिमेकी राष्ट्र भारत र चीनसँग गरेको असफल कूटनीतिक सम्बन्धको एक अनुपम उदाहरणको रूपमा लिन सकिन्छ ।

नेपालमा विमानस्थल निर्माण र संचालनलाई राजनैतिक दाउपेचसँग जोड्ने अभ्यास संस्थागत भइरहेको छ । यद्यपि अहिले हवाई उड्डयनको विश्व बजार तीव्र प्रतिस्पर्धात्मक रूपमा चलिरहेको छ ।

व्यावसायिक एवं व्यक्तिगत रूपमा सञ्चालित हजारौं वायुयान प्रत्येक मिनेट एक स्थानबाट अर्को स्थानमा उडान एवं अवतरण गरिरहेका छन् ।

इन्टरनेशनल एभिएसन जर्नललाई आधार मानेर नियाल्दा हाल विश्वमा प्रत्येक दिन १ लाख भन्दा बढी हवाई उडान एवं अवतरण हुने गर्दछन् । जसमा करिब ६० लाखभन्दा बढी यात्रुहरूले यात्रा गरेको तथ्यांकले देखाउँछ । जुन तथ्याङ्क विश्वको जनसंख्याको करिब ०.१ प्रतिशत हुन जान्छ ।

त्यस्तै सेन्ट्रल इन्टेलिजेन्सीको आँकडालाई आधार मान्दा हाल विश्वमा करिब ४१ हजार ७०० विमानस्थल निर्माण भएका छन् जसमध्ये करिब १४

...बाँकी पृष्ठ ३ मा

# हेटौंडा अस्पताललाई इको कार्डियो मेशिन हस्तान्तरण गरिँदै




समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पताललाई करिब १ करोड रुपैयाँ बराबरको इको कार्डियो मेशिन हस्तान्तरण गरिने भएको छ । रोटरी क्लब अफ मकवानपुरको समन्वयमा मुटुरोगको परीक्षणका लागि आवश्यक इको कार्डियो मेशिन हस्तान्तरण गर्न लागिएको हो ।

रोटरी क्लब अफ मकवानपुरले पत्रकार सम्मेलन गरी आज बिहीबार सामान हस्तारण गर्ने जानकारी गराएको छ । कार्यक्रममा क्लब अध्यक्ष कृष्णबहादुर कार्की, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष राजेश प्रसाई, हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटा, वरिष्ठ पत्रकार प्रताप बिष्टको उपस्थिति थियो ।

रोटरी क्लब अफ मकवानपुरले पछिलो समयमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको क्लब अध्यक्ष कार्कीले जानकारी दिनुभयो । हेटौंडाको स्वास्थ्य क्षेत्रको सुधार गर्ने उद्देश्यसाथ क्लबले काम गरिरहेको उहाँले बताउनुभयो । हेटौंडा अस्पतालको सेवा राम्रो बनाउन आवश्यक सामग्री उपलब्ध गराउन लागिएको उहाँको भनाइ छ । यसपटक अस्पताललाई अति आवश्यक रहेको मुटुरोगसम्बन्धी समस्या भएका बिरामीको उपचारमा प्रयोग हुने सामग्री सहयोग गरिने कार्कीले बताउनुभयो ।

रोटरी क्लब अफ मकवानपुर, हेटौंडा उपमहानगरपालिका तथा अन्य संस्थाहरुको सहयोगमा मुटुसम्बन्धी स्वास्थ्य समस्या भएकाको उपचारका लागि आवश्यक 'इको कार्डियो मेशिन' सहित स्वास्थ्य सामग्री हस्तारण गरिने बताइएको छ । हेटौंडा अस्पताललाई हस्तान्तरण गरिने मेशिनको मूल्य ८८ लाख ६० हजार रुपैयाँ रहेको कार्कीले जानकारी दिनुभयो ।

हृदयरोगको उपचारका लागि रोटरी क्लब अफ मकवानपुरसँग एक वर्षदेखि छलफल हुँदै आएको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सापकोटाले जानकारी दिनुभयो । इको कार्डियो मेशिन उपलब्ध भएपछि मुटुरोगीको उपचार सहज हुने भए पनि मुटुरोग विशेषज्ञ डाक्टरको अभाव रहेको उहाँको भनाइ छ । तत्कालका लागि अस्पतालले भरतपुर अस्पतालसँग सम्झौता गरी २ हप्तामा १ पटक मुटुरोग विशेषज्ञ ल्याएर सेवा प्रदान गर्ने डा. सापकोटाले जानकारी दिनुभयो । अस्पतालमा चाँडै नै एमआरआइ मेशिनको व्यवस्थापन गरिने उहाँले बताउनुभयो ।

अस्पतालमा नर्सिङको विद्यार्थी बोलाएर कार्यक्रम गर्ने र नर्सिङ पठाइ पनि सुरु गर्ने मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष प्रसाइले बताउनुभयो । अस्पतालमा एमडीको कार्यक्रम सुरु गर्न आवश्यक प्रक्रिया अघि बढाइने भएको छ । प्रसाइका अनुसार अस्पतालमा जनशक्तिको अभाव रहेको र सेवाग्राहीको विश्वासका कारण सेवाग्राही वृद्धि भइरहेको छ ।

अहिलेको समयमा मुटुको समस्या भएका बिरामी अन्त जानु नपर्ने अवस्था हेटौंडा अस्पतालले मिलाएको पत्रकार विष्टले बताउनुभयो । हेटौंडा अस्पतालमा धेरै थप स्वास्थ्य सेवा आइसकेको भन्दै विष्टले विरामीलाई रिफरको गर्नुपर्ने अवस्था अहिले नभएको बताउनुभयो ।

# अपाङ्गता भएका व्यक्तिको समस्याबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशको आयोजनामा प्रदेशस्तरमा अपाङ्गता भएका व्यक्तिहरुको समस्याका बारेमा अन्तरक्रिया गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको सवाल कार्यान्वयनमा देखिएका समस्या, चुनौती र समाधानका उपायका बारेमा बुधबार पत्रकारहरुसँग अन्तरक्रिया गरिएको हो ।

महासंघ प्रदेशकी व्यवस्थापक सीता मल्लले अपाङ्गता भएका व्यक्तिहरुको सवालप्रति पत्रकारिताको माध्यमबाट सरकारलाई ध्यानाकर्षण गराउने उद्देश्यले पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिहरुको पहुँच परीक्षण सम्बन्धमा, प्रदेश सरकार आर्थिक वर्ष २०८०/२०८१ नीति, कार्यक्रम र बजेटमा अपाङ्गता भएका व्यक्तिहरुको सवाल, अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको अवस्था र प्रदेश निजामति सेवा २०७९ बारे प्रदेश व्यवस्थापक मल्लले सहजीकरण गर्नुभयो ।

अपाङ्गता भएकाहरुका लागि पहुँचयुक्त संरचना नभएको भन्दै राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशले गतवषको असारमा प्रदेशभित्रका विभिन्न तहमा पहुँच परीक्षण गरेको थियो । सोही परीक्षणका क्रममा सामाजिक विकास मन्त्रालयमै अपाङ्गतामैत्री शौचालय नभएको, सूचना पाटीहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच नभएको र नागकिर वडा पत्र नभएको पाइएको कार्यक्रममा जानकारी गराइएको छ ।

मल्लले अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको अवस्था, अपाङ्गता भएका महिलाहरुमाथि हुने हिंसाका बारेमा सहजीकरण गर्नुहुँदै बलात्कार, इच्छाविपरित स्पर्श, जिस्काउने, इशारा गर्ने, श्रीमानबाट हुने यौन हिंसा, सञ्चारमाध्यम वा साइबर अपराध र फोनबाट हिंसा हुने गरिएको बताउनुभयो । हेमोलिया अपाङ्गता भएका व्यक्ति जिल्लास्तरमा फ्याक्टर नहुनाले मृत्यु, अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भएका कारण जन्मदर्ता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई खोरमा बाँधेर राखिएको अवस्था रहेको उहाँले जानकारी दिनुभयो । यस्तै, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुले परिचयपत्र नपाउने र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु बढी बलात्कारको शिकार हुनुपरेको मल्लले बताउनुभयो ।

महासंघ प्रदेश अध्यक्ष अस्मिन लम्सालले बागमती प्रदेश सरकारले अपाङ्गतासम्बन्धी कार्यक्रम गर्न चालु आर्थिक वर्ष २०७९/०८० मा ८ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि १२ करोड रुपैयाँ बजेट छुट्याएको जानकारी दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान नगरी मनोमानी ढङ्गले बजेट निर्माण गरिएको उहाँले आरोप लगाउनुभयो । यसले अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास र सशक्तिकरण हुन नसक्ने दावी गर्नुभयो । सरकारले अन्तर्राष्ट्रिय सञ्जालमा गरेको प्रतिबद्वता कार्यान्वयन नगरेको उहाँको भनाइ छ ।

संघीय ऐनबमोजिम बागमती प्रदेश सरकारले निजामति सेवासम्बन्धी अध्यादेशमा अपाङ्गता भएका व्यक्तिहरुका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गर्नुपर्ने माग गरिएको छ । २०७९ फागुन १८ गते बागमती प्रदेशसभाबाट पारित प्रदेश निजामति ऐन २०७९ को परिच्छेद ३ को दफा ८ को उपदफा ९(१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपुर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी आरक्षणको व्यवस्था गरिएको छ । उक्त ऐनले अपाङ्गता भएका व्यक्तिहरुका लागि दिइएको आरक्षण साविकको ५ प्रतिशतबाट ३ प्रतिशतमा घटाइएको अन्तरक्रियामा जानकारी दिइएको छ । संघीय निजामति ऐन २०६३ को मर्मविपरित प्रदेश सरकारले प्रदेश निजामति सेवा ल्याएको महासंघको दावी छ ।

# महिलामा गर्भावस्थाका समस्या बढ्दो

समाज संवाददाता

हेटौंडाः महिलाहरुमा गर्भावस्थाको समयमा देखिने विभिन्न स्वास्थ्य समस्या बढ्दै गएको छ । हेटौंडा अस्पतालमा गर्भावस्थाको समयमा स्वास्थ्य समस्या भएर उपचार गराउन आउने सेवाग्राहीको संख्या बढ्दो क्रममा पाइएको हो ।

विगतको तुलनामा अहिले अस्पतालमा गर्भावस्थाको समस्या भएर स्वास्थ्य जाँच गर्न आउनेको संख्या धेरै रहेको अस्पतालका स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. राघवेन्द्र ठाकुरले जानकारी दिनुभयो । अहिलेको समयमा गर्भावती महिलामा सेतो पानी बग्ने र महिनाबारी गडबड हुने समस्या धेरै देखापरेको उहाँको भनाइ छ । छिटो जाँच गर्ने, भिडियो एक्सरे गर्ने, औषधी खाने यसका समाधान भएको उहाँले जानकारी दिनुभयो ।

गर्भावती महिलाहरुमा धेरै पाठेघरमा रोग देखापर्ने र गर्भावस्थामा पाठेघरमा ट्यूमर देखिए शल्यक्रिया गर्नुपर्ने डा. ठाकुरले बताउनुभयो । बच्चा जन्मिनुअभि नै धेरै रगत बग्दा, दोस्रो बच्चा जन्माउने बेला शल्यक्रिया गर्दा मामलाहरु गम्भीर हुनसक्ने ठाकुरले बताउनुभयो । अहिले किशोरीहरुले जंकफूड धेरै खाएर समस्या देखापरेको उहाँको भनाइ छ । २० वर्षदेखि ३० वर्षसम्मका गर्भवती र १५ वर्षदेखि २० वर्षसम्मका किशोरीमा सेतो पानी बग्ने, तल्लो पेट दुख्ने र महिनाबारीको रोग देखिने डा. ठाकुरले जानकारी दिनुभयो ।

स्वच्छता कायम नराख्दा, शारीरिक सम्बन्धमा ध्यान नदिँदा, सफा पानी नखाँदा, फोहोरमा बस्ने हेलचेक्र्याइँ गरेमा गर्भवती अवस्थामा विभिन्न रोग लाग्ने डा. ठाकुरले बताउनुभयो । उहाँका अनुसार अस्पतालमा मकवानपुर जिल्लासँगै बारा, पर्सा, रौतहट, सर्लाहीका बिरामी आउने गरेका छन् ।

समयमा उपचार गरे, सरसफाइ गरे, जंकफूड नखाए र यौन सम्बन्धमा ध्यान दिए, गर्भवती हुँदा नियमित जाँच गराउने र स्वास्थ्यकर्मीसँग भेटेर स्वास्थ्य सल्लाहबमोजिम गर्दा यो अवस्थामा सुधार आउने डा. ठाकुरले सल्लाह दिनुभएको छ । गर्भवती, प्रसुती र सुत्केरी अवस्थामा देखापर्ने र ज्यान जानसक्ने खतराका लक्षणहरु हात वा अनुहार सुन्निनु, गर्भावस्थामा रगत बग्नु, कम्पन आउनु वा मूर्छा पर्नु, प्रसुती अवस्थामा १२ घण्टाभन्दा बढी तारन्तार व्यथा लाग्नु, ज्वरो आउनु वा योनीबाट गन्हाउने पानी बग्नु र सुत्केरी अवस्थामा ह्वालह्वाल्ती वा चोक्टाचोक्टा रगत बग्नु रहेको डा. ठाकुरले बताउनुभयो ।

# विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ । मंगलबार प्रदेशको चितवन र सिन्धुली जिल्लामा छुट्टाछुट्टै घटनामा परी ३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगर पालिका–२९, सिमलतालमा मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रसुवा जिल्ला उतरगया गाउँपालिका–४ बस्ने २१ वर्षीय राजेश पौडेल रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार दिउँसो १ बजेर १५ मिनेटको समयमा मुग्लिनबाट नारायणगढतर्फ जाँदै गरेको बागमती प्रदेश ०२–४० प ०५५९ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई पल्टिँदा पौडेल गम्भिर घाइते भएका थिए । घाइते पौडेललाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा २ बजेर ३५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मोटरसाइकलको पछाडी सवार २४ वर्षीय देवप्रसाद आचार्य मध्यम घाइते भई भरतपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका–२ स्थित नारायणी नदीमा एक जना पुरुष व्यक्तिको शव फेला परेको छ । मंगलबार नारायणी नदी किनारको छेउमा नाम थरवतन नखुलेको अन्दाजी १६ वर्षीय पुरुष व्यक्तिको शव फेला परेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शवलाई पोष्टमार्टमको लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

सिन्धुली जिल्लाको जुगल गाउँपालिका–३, अम्बाखर्कमा झाँक्रीले दिएको जडिबुटी खाँदा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५५ वर्षीया कामी शेर्पीनी रहेको प्रहरीले जनाएको छ ।

मंगलबार चौतारा बस्ने झारफुक गर्ने झाँक्री सार्की शेर्पालाई बोलाई निज झाँक्रीले दिएको जडिबुटी औषधी खाँदा शेर्पीनी बिरामी भएकी थिइन् । बिरामी शेर्पीनीलाई उपचारका लागि स्थानीय स्वास्थ्य केन्द्र तेम्बाथान लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । झाँक्रीलाई पावलडाँडाबाट पक्राउ गरी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# विश्वको ढोका...

हजार ३०० विमानस्थल अमेरिकामा मात्रै रहेको पाइन्छ भने नेपालमा यसको संख्या ५५ रहेको छ ।

विमानस्थलबाट स्वदेश एवं विदेशका विभिन्न स्थानको यात्रा सुरुवात हुन्छ । तसर्थ विमानस्थललाई विश्वको ढोका भन्ने गरिन्छ । त्यस्तै विमानस्थललाई सारा विश्वब्रह्माण्डलाई एकत्रित गरेर देशहरूको आर्थिक, राजनैतिक, सामाजिक एवं भौगोलिक सम्बन्धलाई प्रगाढ बनाई राख्ने एक महत्वपूर्ण सेतुको रूपमा पनि परिभाषित गर्न सकिन्छ ।

कुनै देशले कुनै देशलाई आक्रमण गर्नुपरेमा सबैभन्दा पहिलो निशानामा उसको विमानस्थल नै पर्दछ । सबैभन्दा पहिला सैनिक अखडामा नभएर हवाई अखडामा आक्रमण गरेर विमानस्थललाई ध्वस्त बनाउनु र हवाई यातायातलाई अवरुद्ध पार्नु उनीहरुको सफलताको कारक तत्व बन्न पुगेको छ । र, यो कार्यलाई देशहरूले युद्ध सफल बनाउने रणनीति अन्तर्गत पनि प्रयोग गरिरहेका छन् ।

वास्तवमा मानवीय हित, आधुनिक युग एवं समुन्नत समाज स्थापनाको परिचय दिंदै समग्र विश्वलाई एकत्रित बनाई स्थापना भएका विमानस्थलहरु संसारकै अत्यन्त महत्वपूर्ण एवं संवेदनशील क्षेत्र भित्र पर्दछन् । तसर्थ, समुन्नत समाज एवं नैतिकवान विश्व निर्माणको लागि विश्वस्तरबाट नै विमानस्थललाई शान्ति क्षेत्रको रूपमा स्थापित गर्न पहल गर्नुपर्ने देखिन्छ ।

*लेखक हिमालय एअरलाइन्समा कार्यरत छन् । (स्रोत: अनलाईनखबर)*

## दररेट पेश गर्ने बारेको सूचना

*सूचना प्रकाशित मिति : २०८०/०३/१४*

यस हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेज एजुकेशन प्रालि हेटौंडा-४, मकवानपुरलाई आ.व. २०८०/०८१ का लागि देहायका सामग्रीहरु खरिद गर्न सम्बन्धित फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस प्रालिको लेखा तथा जिन्सी शाखामा दररेट पेश गर्नु हुन सुचना आह्वान गरिएको छ ।

**तपसील**

**विज्ञापन नं. १/२०८०-०८१**

१) स्टेशनरी
२) मसलन्द, छपाईका सामान
३) परीक्षा कपी
४) ईलेक्ट्रिकल सामानहरु
५) कम्प्युटर तथा त्यसका पार्टस
६) फर्निचर खरिद, तथा मर्मत
७) फर्निचर निर्माण सामग्री, तथा हार्डवेयर
८) रंगरोगन, टायल, ग्रेनाइट, तथा सेनेटरी, पाईप, फिटिङका सामानहरु
९) भवन निर्माण सामग्रीहरु

फारम बुझाउने अन्तिम मिति २०८०/०३/२८ गतेसम्म साथै अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टसम्म दररेट बुझाउन सकिने छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१) फर्म दर्ता, प्यान तथा भ्याट दर्ता, घरेलु दर्ता तथा करचुक्ता आदि प्रमाणपत्रको प्रतिलिपिहरु ।

**सम्पर्क ०५७-५२४७११ ०५७-५२४७०१**

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं ।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि



## विजय युथ गोल्डकप

# पदमपोखरी फाइनलमा, दोस्रो सेमीफाइनल अनिर्णित

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी विजय युथ गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो सेमीफाइनल खेल अनिर्णित बनेको छ । बुधबार आयोजक विजय युथ क्लब र चाइना पब्लिक युथ क्लबबीचको दोस्रो सेमीफाइनल खेलको दोस्रो हाफ सञ्चालन गर्ने क्रममा रात परेपछि अनिर्णित बनेको हो ।

हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा र गशालामा भएको खेलको पहिलो हाफमा आयोजक विजय युथ क्लब १-० ले अगाडि थियो । पहिलो हाफको १६ औं मिनेटमा विजय युथका लागि मुसाले गोल गरेका थिए । रात परेपछि सञ्चालन हुन नसकेको दोस्रो हाफको खेल बिहीबार बिहान हुनेछ । यसअघि पहिलो सेमीफाइनलमा पदमपोखरी युनाइटेडले हेटौँडा फुटबल एकेडेमीलाई २-१ गोलअन्तरले पराजित गर्दै फाइनल प्रवेश गरेको छ । पदमपोखरीका लागि दिपेश आले मगरले पहिलो हाफको ३५औं मिनेटमा र दोस्रो हाफको ३४ औँ मिनेटमा निर्णायक गोल गरेका थिए । म्यान अफ द म्याच दिपेश आले मगर घोषित भए ।

प्रतियोगिताको विजेताले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछ । त्यस्तै सर्वोत्कृष्ट खेलाडीलाई ५ लाख बराबरको बीमा, नगद १० हजार, विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकलाई जनही नगद ५ हजार प्रदान गरिने छ । प्रतियोगिताको फाइनल खेल असार १५ गते हुनेछ ।

# विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः अखिल नेपाल महिला (अनेम) संघ हेटौँडा उपमहानगर कमिटीले मदन भण्डारीको ७२ औं जन्मजयन्तीको सन्दर्भमा बुधबार विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । हेटौँडा-१४ स्थित सुप्रभात आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको हो । विद्यार्थीलाई कापी, कलमका साथै खेलकुदका सामग्री हस्तान्तरण गरिएको अनेम संघ हेटौँडा उपमहानगर कमिटीकी अध्यक्ष रञ्जिता सिलवालले जानकारी दिनुभएको छ ।

८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ८५ जना अध्ययनरत छन् । अनेम संघले विद्यालयका सबै विद्यार्थीलाई शैक्षिक एवम् खेल सामग्री हस्तान्तरण गरेको अध्यक्ष सिलवालले बताउनुभएको छ । नगर अध्यक्ष रञ्जिता सिलवालको अध्यक्षता तथा अनेम संघको केन्द्रीय सदस्य पदमा पौडेलको प्रमुख आतिथ्यमा भएको शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक अनिता बानियाँको पनि उपस्थिति रहेको थियो ।

# ६७ दिने आधारभूत ब्युटीपार्लर तालिम

समाज संवाददाता

हेटौँडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाको आयोजनामा सञ्चालन भएको ६७ दिने आधारभूत व्युटीपार्लर तालिम सम्पन्न भएको छ । बुधबार हेटौँडामा एक कार्यक्रमको आयोजना गरी तालिम सम्पन्न गरिएको हो ।

बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले युवालाई आत्मनिर्भर र उद्यमशीलतामा जोड्न तालिम आयोजना गरिएको बताउनुभयो । तालिमले आत्मविश्वास बढ्ने र रोजगारीका लागि सहज हुने उहाँले बताउनुभयो । उहाँले तालिममा सिकेका सीप व्यवहारमा उतार्न आग्रह गर्नुभयो । बागमती गाउँपालिकाले युवालाई आत्मनिर्भर बनाउने र वैदेशिक पलायन नभई आफ्नै देशमा केही गरौं भन्ने भाव जगाउने विश्वास गरिएको उहाँले बताउनुभयो। उहाँले गाउँपालिकाको आगामी नीति तथा योजनामा यसलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने बताउनुभयो ।

यस्तै पालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले तालिमबाट केही भएपनि आत्मनिर्भर बन्न मद्दत पुग्ने बताउनुभयो । पालिकाले नयाँ उद्यमी सिर्जना गर्न तालिम आयोजना गरेको उहाँले बताउनुभयो । यस्तै ३ नम्बर वडाध्यक्ष कमानसिंह पाखिनले तालिमले जीविकोपार्जनका लागि सहज हुने बताउनुभयो । शिक्षालाई सीपमा जोडेर जीवनोपयोगी बनाएर आत्मनिर्भर बन्नुपर्ने उहाँको भनाई छ। यस्तै पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले तालिममा सिकेका सीपलाई प्रयोग गरेर लाभ लिन आग्रह गर्नुभयो ।

तालिममा सहभागीमध्ये उत्कृष्ट प्रशिक्षार्थीको रुपमा दीपा राउत र अनुशासित प्रशिक्षार्थीमा सरस्वती विक र उमा मोक्तानलाई सम्मान गरिएको छ । पालिकाको आयोजना र हेटौँडा-२ स्थित सुष्माज व्युटी पार्लरको व्यवस्थापनमा गत चैत २९ गतेदेखि असार ७ गतेसम्म तालिम आयोजना भएको थियो । तालिममा बागमती गाउँपालिकाका २० जना महिलाको सहभागिता रहेको थियो । तालिममा सुस्मा थापा मगर, कुमारी तितुङ र अन्जु तुम्सिङले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा पालिकाका रोजगार संयोजक नागेन्द्र महतो, प्राविधिक दिनेश बानियाँ लगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय राजमार्ग अतिक्रमित संरचना हटाउन सूचना जारी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा राष्ट्रिय राजमार्ग अतिक्रमण गरी बनाइएको संरचना हटाउन सडक डिभिजनले ३५ दिने सूचना जारी गरेको छ । सडक डिभिजन हेटौंडाले हेटौंडा-१५ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक-राप्तीपुलसम्मको सडक सीमा सडक केन्द्रबाट २५/२५ गज दायाँ-बायाँ सडक अतिक्रमण हटाउन असार १० गते सूचना जारी गर्दै निर्देशन दिएको हो ।

सार्वजनिक सडक ऐन २०३१ ले हेटौंडा-१५, महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक-राप्तीपुलसम्म राष्ट्रिय राजमार्ग बनाउने निर्णय गरेको थियो । सडक डिभिजन हेटौंडाले निकालेको सूचनामा भनिएको छ- 'मानिसले सडक सीमाभित्र घर टहरा निर्माण गर्न, नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन, कुनै प्रकारको स्वीकृति बिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात सञ्चालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ ।'

सरकारले राजमार्ग निर्माण गर्न पहिले पनि स्थानीयलाई सूचना जारी गर्दा संरचना नहटाई सर्वोच्च अदालतमा मुद्धा परेको थियो । सर्वोच्च अदालतले २०७८/०५/१८ गते उत्प्रेषण आदेशमा समेत सडक सीमा सडक केन्द्रबाट २५/२५ गज कायम गरी सडक निर्माण गर्न आदेश दिएको छ । सडक अतिक्रमण गरी बनेका स्थायी/अस्थायी घर टहरा तथा अन्य संरचना भत्काउन यसअगाडि विभिन्न मितिमा राष्ट्रिय पत्रिकाहरूमा सूचना प्रकाशित गरिएकोमा हालसम्म पनि अतिक्रमित संरचना हटाइएको नपाइएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अतिक्रमण गरी बनाइएका संरचनाहरु सडक सीमाबाट हटाउन सूजनामा उल्लेख छ । तोकिएको समयावधिभित्र सडक सीमा अतिक्रमण गरी बनाइएका संरचना नहटाएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार कार्यालयले हटाउने र सोबापत लाग्ने खर्चसमेत सम्बन्धित निर्माणकर्ताबाट असुल गरिने सूचनामा भनिएको छ ।

सडक डिभिजन हेटौंडाका इन्जिनियर यादव सुवेदीले तोकिएको समयमा संरचना हटाउन चाहनेलाई सडक डिभिजनले निःशुल्क स्रोत, साधन उपलब्ध गराउने जानकारी दिनुभयो ।

# प्रदेश उच्चशिक्षा परिषद्को सचिवालय उद्घाटन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमा प्रदेश उच्चशिक्षा परिषद्को सचिवालयको उद्घाटन गरिएको छ । बुधबार एक कार्यक्रममा प्रदेश उच्चशिक्षा परिषद् अध्यक्ष तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सचिवालयको उद्घाटन गर्नुभएको हो ।

प्रदेश उच्चशिक्षा ऐन बनेको दुई वर्षपछि बागमती प्रदेश सरकारले बुधबार सचिवालयको उद्घाटन गरेको छ । सचिवालय उद्घाटन गर्नुहुँदै परिषद् अध्यक्ष तथा मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयको स्थापना गर्ने जानकारी दिनुभयो । उच्चशिक्षासम्बन्धी नीति तथा रणनीति तयारसँगै विश्वविद्यालय सञ्चालन गरी मार्गनिर्देशन गर्न परिषद्को भूमिका रहने उहाँले बताउनुभयो ।

परिषद्को सचिवालय उद्घाटनपछि आर्थिक सहायता तथा अनुदानका सम्बन्धमा आधारभूत नीति तथा योजना सिफारिस गर्ने, गुणस्तर तथा सुशासनसम्बन्धी मापदण्ड सिफारिस गर्न सहयोग पुग्ने उहाँको धारणा छ । प्रदेश सरकारबाट स्थापना हुने प्रदेश विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृतिबमोजिम मुनाफा आर्जन नगर्ने सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय, शैक्षिक उपाधि प्रदान गर्नसक्ने स्वायत्त प्रतिष्ठान उच्च शिक्षण संस्था आंगीक क्याम्पसलाई स्वायत्तता दिने बताउनुभयो ।

प्रदेशको आवश्यकतालाई मध्यनजर गर्दै प्राविधिक क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा जोड दिने उहाँले बताउनुभयो । सार्वजनिक विश्वविद्यालय स्थापना र प्रदेशभित्र कस्तो शिक्षा भित्र्याउने भन्ने कुरा परिषद्को हातमा हुने उहाँले जानकारी दिनुभयो । समृद्ध बागमती प्रदेश बनाउन शिक्षा क्षेत्रलाई जोड दिनुपर्ने र हचुवाको भरमा जथाभावी प्रदेश सरकारले स्वीकृती नदिनेसमेत दावी मुख्यमन्त्री जम्कट्टेलले गर्नुभयो ।

सामाजिक विकास मन्त्रालयका शिक्षा विकास महाशाखा प्रमुख खुबिराम अधिकारीले प्रदेश उच्चशिक्षा ऐन प्रमाणीकरण २०७८ चैत्र १४ गते भएको बताउनुभयो । बागमती प्रदेश सरकारका मुख्यसचिव मुकुन्द निरौलाले मुख्यमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय परिषद् समिति रहने व्यवस्था रहेको जानकारी दिनुभयो । परिषद्की उपाध्यक्ष तथा सामाजिक विकासमन्त्री कुमारी मोक्तानको अध्यक्षतामा उद्घाटन कार्यक्रम गरिएको हो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

रेडियो निकास ९३.४
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# चिउरी, चमेरो र चेपाङको नयाँ आयामको खोजी पुस्तक सार्वजनिक



समाज संवाददाता

हेटौंडाः मकवानपुरमा चिउरी, चमेरो र चेपाङको नयाँ आयामको खोजी पुस्तक सार्वजानिक भएको छ । डिभिजन वन कार्यालय, राप्ती मनहरीले बुधबार पुस्तक प्रकाशन गरेको हो ।

पुस्तक प्रकाशनका लागि मनहरी गाउँपालिकाले आर्थिक सहयोग गरेको छ । पुस्तक सार्वजनिक भएसँगै चेपाङ समुदायलाई पुस्तक हस्तान्तरण गरिएको छ ।

चिउरी, चमेरो र चेपाङको अस्तित्व जेगाइराख्नका लागि सरकारले मुख्य कदम चाल्लुपर्ने भन्दै पुस्तक प्रकाशन गरिएको छ । पुस्तकका लेखक डिभिजन वन कार्यालय, राप्तीका प्रमुख विष्णुप्रसाद आचार्य रहनुभएको छ । चेपाङ समुदाय चिउरीको संरक्षणबाट टाढा हुँदै गएकाले त्यसको संरक्षण आवश्यक रहेको पुस्तकमा उल्लेख गरिएको छ । लेखक आचार्यले भन्नुभयो- 'चिउरी प्रकृतिले दिएको एक अद्भूत उपहार हो, यो जुनै परिवेशमा पनि हुर्कन सक्छ, यसलाई कल्पवृक्ष भन्दा पनि फरक पर्दैन ।'

चेपाङ समुदायको संरक्षण गर्न सरकारले नयाँ आयामको खोजी गरेर अगाडि बढ्नुपर्ने लेखक आचार्यले बताउनुभयो । चिउरीको मह उत्पादनमा नयाँ आयाम खोजी गरी ब्यापक उत्पादन गर्नुपर्ने बताउँदै चिउरीको दानालाई तेल उत्पादनमा जोड दिनुपर्ने उहाँको भनाइ थियो ।

सरकारले छुट्टै पकेट क्षेत्रको घोषणा गरी चिउरी उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने आचार्यले धारणा राख्नुभयो । चिउरीको प्रवर्द्धनका लागि सरकारले वृहत् योजना नै लिएर अगाडि बढ्नुपर्नेमा आचार्यले जोड दिनुभएको छ। चिउरी कोअर्डिनेसनमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले चमेरो संरक्षण गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

पुस्तक बिमोचनका क्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पालिकाको ६, ७, ८ र ९ नम्बर वडालाई पालिकाले नै चिउरीको लागि पकेट क्षेत्रको घोषणा गरेर काम अगाडि बढाउने प्रतिबद्धता जनाउनुभयो ।

स्वादिष्ट नेवारी खाजा


अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

हेटौंडा कृषि बजार
हेटौंडा-४, मेनरोड
सूचना सूचना सूचना
यहि मिति २०८० साल असार ५ गतेबाट यस त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

सेवाहरु
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।
(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)
सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९

स्टल सिमित छ ।


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ